# महाराजगञ्ज नगरपालिका

# प्रशासकीय कार्यविधि

## २०७४

महराजगञ्ज नगरपालिका
कपिलवस्तु

**महाराजगंज नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४**

**<u>प्रस्तावना:</u>** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम महाराजगंज नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१.<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u>** :(१) यो ऐनको नाम महाराजगंज नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन महाराजगंज नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. <u>परिभाषा</u>** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले महाराजगंज नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले महाराजगंज नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले महाराजगंज नगरपालिका सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. <u>नियम बनाउने अधिकार</u>** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त महाराजगंज नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ ।

**४.<u>निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने</u>**:(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही महाराजगंज नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।